'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

वार्षिक ग्राहक शुल्क १०००।

# रेखदेख

हामी जे देख्छौं, त्यही लेख्छौं

www.rekhadekh.com

रुकुमको लोकप्रिय पत्रिका

राष्ट्रिय साप्ताहिक

वर्ष ६ अंक ३३ रुकुम | असोज ५ सोमबार २०७७ | Monday, 21 September 2020 | पृष्ठ ४

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com



**चेतनाले नै बिबेकहीन बनाएको छ**

शदियौं देखि पीडित भएर, दलनमा परेर, बञ्चितीकरणमा परेकाहरुको अवस्था र उनीहरु प्रति हुने र्दुव्यबहार र हेपाहा प्रवृतीको पराकाष्ठा के होला ? सहर बजारको अवस्था यो छ भने दुर- गराज ...। 

२



**विरामी बोका**

रुकुम पश्चिमको मुसीकोट नगरपालिका वडा नं. १० चौखावाङ होलताराका स्थानीयले विरामी बोकालाई बोकेर उपचार गर्न झुलखेततर्फ लैजाँदै। बोका हिड्न नसकेपछि उनीहरुले बाँसको स्टेचर बनाएर बोकेका हुन्।

३




**मिरिओ दर्शन**

'त्यो सिरिओ ता हुँइत्ति भयाउ रिमोटबाट मरिकाट्या नचल्न्या । धेरै टाराट मार्तै चल्न्या पो ह्वच । के अच्चम्मौ मर्नु ।मलाई ता लाजौमर्नु भो र डोगो बर्‍यो हुइँ छारिफाल्ल्याइकिन घरपाइ आयाउ ...।

४

## जिम्मेवार निकाय मौन

# जिल्ला अस्पतालको सेवामा सास्ती

दुर्गम गाउँमा डाक्टर नटिक्ने पुरानै समस्या हो । रुकुम जिल्ला अस्पतालले पनि त्यस्तै समस्या बेहोर्दै आएको छ । एकातिर दरवन्दी अनुसारको डाक्टर नहुनु र अर्कोतर्फ पदाअवधि नसकिदै डाक्टर सरुवा हुनाले विरामीहरुलाई थप समस्या बनाएको छ । जिल्ला अस्पतालको रेकर्ड हेर्दा ६ महिना देखी डेढ वर्षमा विचमा डाक्टरहरु सरुवा हुने गरेका छन् ।

**■प्रविर ददेल/रुकुम**
**रेखदेख संवाददाता**

बाँफीकोट गाउँपालिका-४, रुकुम पश्चिम कि ३२ वर्षिय ललिता चन्द गत साउन २ गते जिल्ला अस्पताल रुकुम पश्चिममा पुगिन्। अन्तिम पटक सुत्केरी चेकजाँच गर्न उनी जिल्ला अस्पताल पुगेकी हुन्। अस्पतालमा चेकजाँच गर्दा आमा र बच्चाको अवस्था सामान्य रहेको र ५ गते अन्तिम (डेट) मिती दिएपछि उनी गाउँ फर्किन।

३ गते रातीबाट नै उनीलाई सामान्य व्यथा लागेपछि ४ गत विहान परिवारले गाडि रिजर्भ गरी जिल्ला अस्पताल पुऱ्याए। जिल्ला अस्पताल रुकुमले उनीलाई त्यहाँ उपचार गर्न मानेन। बरु रिफर चौरजहारी मिसन अस्पतालमा रिफर गरियो । लामो व्यथाको कारण अवस्था जटिल बनेपछि अप्रेशन गर्दा आमाको ज्यान त बल्लतल्ल जोगियो तर बच्चा भने बाँच्न सकेन।

गत जेठ २८ गते मुसीकोट नगरपालिकी १ खंलगाकी माया गिरी गर्भजाँच गर्न जिल्ला अस्पतालमा पुगिन । त्यहाँ उनलाई भिडियो एक्सरे (अल्ट्रासाउण्ड)का साथै चेकजाँच गर्दा सामान्य अवस्था भन्दै असार ४ गतेलाई मिती दिएर फर्काइयो। ४ गते जिल्ला अस्पताल रुकुम पश्चिममा पुग्दा त्यहाँ उपचार हुन नसक्ने भन्दै चौरजहारी अस्पतालमै पठायो। झण्डै २० हजार (आतेजाते) भाडा तिरेर उनी चौरजहारी अस्पताल पुगिन्।

चौरजहारीमा उनको विना अपरेशन




नै सहजै बच्चा जन्मियो।

बाँफीकोट गाउँपालिका-३, कै गर्भवती दिलमाया बुढाथोकी आठ महिनामै अत्याधिक पेट दुखेपछि जिल्ला अस्पताल रुकुममा पुगिन्। त्यहाँका डाक्टरले खासै चासो नदेखाएपछि उनले स्थानीय मेडिकलमा गएर चेकजाँच गराउनुपऱ्यो। चन्द, गिरी र वुवाथोकी त प्रतिनिधी पात्र मात्रै हुन्। पछिल्लो समय रुकुम पश्चिमको जिल्ला अस्पतालमा पुग्ने अधिकांश गर्भवती महिलाले अस्पतालबाट सेवा नपाएको गुनासो गरेका छन्।

एकातिर कोभिड-१९ को जोखिम वढ्दै जानु र अर्को तिर गर्भवती तथा सुत्केरी महिलाहरुले सेवा नपाउँदा अप्ठेरोमा परेको स्थानीय महिला गोमा विकको भनाई छ। उनले भनिन, 'पछिल्लो समय जिल्ला अस्पताल रुकुम पश्चिमबाट गर्भवती सुत्केरीका साथै अन्य विरामीले पनि उपचार सेवा पाएका छैनन्।'

सहज रुपमा प्रसूति सेवा नपाउँदा आमा र बच्चाको ज्यान नै जोखिममा हुने गरेको छ।

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्वन्धी हकको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क पाईने हक हुनेछ र कसैलाई पनि आकश्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। संविधानमा स्वास्थ्य सम्वन्धी हकमा स्पष्ट लेखिएको भएपनि दुर्गम गाउँ समाजका विरामीहरुले सहज रुपमा स्वास्थ्य सेवा पाउन सकेका छैनन्। जसका कारण नागरिकको जीउज्यान असुरक्षित बन्दै गएको छ।

### तीन वर्ष झण्डै २ हजार जनाले लिए प्रसूति सेवा

जिल्ला अस्पताल रुकुम पश्चिमको गत ३ वर्षको तथ्याङ्क हेर्दा १ हजार ८ सय २० जनालाई प्रसूति सेवा प्रवाह गरिएको छ। जसमा १०५ जना शल्याक्रिया मार्फत बच्चा जन्माएको तथ्याङ्कले देखाउँछ। सबैभन्दा वढी गत आर्थिक वर्ष २०७५/०७६ मा ६६१ जना महिलाहरुले प्रसूति सेवा लिएका छन्। जसमध्ये ४७ जना जटिल किसीमका छन् भने ६०२ जनाले सामान्य किसीमबाट बच्चा जन्माएको जिल्ला अस्पताल रुकुमका मेडिकल रेकडर तथ्याङ्क अधिकृत इश्वर रावलले जानकारी दिएका छन्।

त्यस्तै गत आर्थिक वर्ष २०७४/०७५ मा ५७१ जनामा ३८ जना जटिल किसीमको र ५५५ जनाले सामान्य प्रसूति सेवा लिएको देखिन्छ। त्यस्तै आर्थिक वर्ष २०७६/०७७ मा जम्मा ५८८ जना मध्ये ५५७ जनाले सामान्य प्रसूति सेवा र बाँकी २० जनाले जटिल किसीमको प्रसूति सेवा लिएको तथ्याङ्क छ। यसरी तथ्याङ्क हेर्दा पनि अघिल्ला बर्षहरुको तुलनामा गत बर्षमा कमैले प्रसूति सेवा पाएका छन्।

### दरवन्दी छ, डाक्टर छैनन्

जिल्ला अस्पताल रुकुम पश्चिममा नबौं तहको विशेषज्ञ (एमडिजिपी) डाक्टर सहित २६ जनाको दरबन्दी रहेको छ। तर हाल जिल्ला अस्पतालमा १५ जना मात्र कार्यरत छन्। त्यो विशेषज्ञ तहको कुनैपनि डाक्टर नहुँदा जटिल किसीमको सेवा प्रवाह गर्न नसकेको जिल्ला अस्पताल रुकुम पश्चिमका निमित्त स्वास्थ्य व्यवस्थापक डा.महेश चौलागाईले बताए। उनले भने, 'जिल्लामा विशेषज्ञ डाक्टर नहुँदा जटिल किसीमको विरामीहरुलाई जिल्ला अस्पताल सल्यान र मिसन अस्पताल चौरजहारीमा रिर्फर गर्न बाध्य भएका छौं।' हामीले पटक-पटक नेपाल सरकार स्वास्थ्य विज्ञान प्रष्ठिानमा दरबन्दीको बारेमा कुरा उठाउँदा पनि कुनै सुनुवाई हुन सकेको छैन्। गतवर्ष स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट १ जना नबौं तहको विशेषज्ञ (एमडिजिपी) काजमा पठाएपनि उहाँको काज फिर्ता भएपछि थप समस्या भएको छ। जिल्ला अस्पताल रुकुम पश्चिममा विशेषज्ञ नवौ तहको (एमडिजिपी) ३ जनाको दरवन्दी भएपनि ३ जनाको रिक्त रहेको छ। त्यस्तै मेडिकल अधिकृतको ४ जनाको दरवन्दीमा १ जना मात्र कार्यरत रहेको छ।

### दुर्गम ठाउमा टिक्दैनन् डाक्टर

डा. राजेन्द्र जिसी २०७३ मंसिरमा जिल्ला अस्पताल रुकुम पश्चिममा हाजिर भए। तर १० महिना नपुग्दै उनी सरुवा भए। त्यस्तै डा. सविन पोखरेल २०७४ असोजमा जिल्ला अस्पतालमा हाजिर भए । उनीपनि लामो समय टिक्न सकेन्। ८ महिनमै अध्ययन विदा लिएर पढ्न गएको जिल्ला अस्पताल रुकुम पश्चिमले जानकारी दिएको छ। जिसी र पोखरेल मात्र होईना दुर्गम जिल्लामा डाक्टर नटिक्ने पुरानै समस्या हो। रुकुम जिल्ला अस्पतालले पनि त्यस्तै समस्या बेर्होदै आएको छ। एकातिर दरवन्दी अनुसारको डाक्टर नहुँनु र अर्कोतर्फ पदाअवधि नसकिदै डाक्टर सुरुवा हुनेले विरामीहरुलाई थप समस्या बनाएको जिल्ला अस्पताल रुकुम पश्चिमका प्रशासन प्रमुख जनक खड्काले जानकारी दिएका छन्। उनले भने, जिल्ला अस्पतालको हाजिर रेर्कड हेर्दा न्युनतम ६ महिना देखी डेढ वर्ष पुग्दा नपुग्दै डाक्टरहरु सरुवा हुने गरेका छन्।

पदाअवधि नसकिदै पहुँच र प्रभावका कारण सुगम जिल्लामा सरुवा, काज वा अध्ययन विदाको नाममा डाक्टरहरु सरुवा हुने गरेका छन्। नेपाल सरकार ले छात्रबृतिमा पढाएका डाक्टरहरुलाई अनिवार्य रुपमा २ वर्ष दुर्गम गाउँमा सेवा गर्ने बाध्यात्मक व्यवस्था गरेपनि दुर्गम गाउँमा डाक्टर बस्न नसकेको जिल्ला अस्पताल रुकुम पश्चिमले जानकारी दिएको छ।

### शल्यक्रिया सेवा बन्द

विशेषज्ञ चिकित्सक नहुँदा जिल्ला अस्पताल रुकुम पश्चिममा शल्यक्रिया सेवा बन्द भएको छ। गत ५ महिनादेखी शल्यक्रिया सेवा बन्द हो। जसका कारण जटिल प्रकारको प्रसूति सेवा लिने महिला र स(साना अप्रेशन गराउने बिरामीलाई जिल्ला बाहिर जानुपर्ने बाध्यता भएको छ।

बाँकी ३ पेजमा

# जिल्ला अस्पतालमा पिपिई सेट हस्तान्तरण

**■ रेखदेख संवाददाता**
**मुसीकोट**

मनघरी फाउन्डेसनको सहयोग र नेपाल पत्रकार महासंघ रुकुमको सहजिकरणमा जिल्ला अस्पतालमा केही स्वास्थ्य सामग्री प्रदान गरिएको छ।

१५ सेट पिपिई, १५ थान फेस शिल्ड र १५ थान मास्क प्रदान गरिएको हो।

जिल्ला समन्वय समिति प्रमुख राजकुमार शर्माले स्वास्थ्य सेवा कार्यालयका निमित्त स्वास्थ्य व्यवस्थापक डाक्टर राजकुमार भुजेललाई स्वास्थ सामग्री हस्तान्तरण गरेको जनाएको छ।

सामग्री हस्तान्तरण गर्दै प्रमुख शर्माले सामग्रीको संख्या भन्दा यसको सन्देश महत्वपूर्ण रहेको बताए। विशेष समय र परिस्थितिमा एकअर्काको लागि हातेमालो हुनुले चुनौति सामना गर्न सबै क्षेत्र सँगसँगै रहेको सन्देश प्रवाह भएको प्रमुख शर्माको भनाई रहेको छ। कार्यक्रममा नेकपाका कर्णाली प्रदेश सदस्य महेन्द्र केसी, जिल्ला अस्पतालका महिला रोग विशेषज्ञ डा. केहलविक्रम जिसी, कोरोना रोग नियन्त्रण फोकल पर्सन इश्वर रावल लगायतको उपस्थिति थियो।

मनघरी फाउन्डेसनले नै जिल्लाका पत्रकारहरुका लागि १० थान प्रेस ज्याकेट र ९५ मास्क पनि प्रदान गरेको जनाएको छ।

## कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०७७ असोज ४)

नेपाल रेडक्रस सोसाइटी रुकुम (पश्चिम) जिल्ला शाखा तथा नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य प्रवर्द्धनकालागि सामुदायिक सशक्तीकरण कार्यक्रम (सिइएचपी) नेपालगंजको सहभागितामा रुकुम (पश्चिम) जिल्लाको त्रिवेणी गाउपालिकामा संचालित स्वास्थ्य तथा खानेपानी, सरसफाइ, स्वच्छताका लागि सामुदायिक सहकार्य कार्यक्रमका लागि कर्मचारीको आवश्यकता रहेकोले ईच्छुक नेपाली आवेदकबाट दरखास्त आव्हान गरिन्छ ।

**पद :** लेखा तथा प्रशासन सहायक (तह चौथो)

**संख्या :** एक जना

**कार्यक्षेत्र :** त्रिवेणी गाउपालिका

**सेवा प्रकार :** करार, हाल ३ महिना, अवधि थप हुन सक्ने ।

**आवश्यक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय लिइ कम्तीमा एस.एल.सी /एस.ई.ई उत्तीर्ण गरेको । लेखा व्यवस्थापनमा इन्टरमीडिएट गरेकालाई प्राथमिकता दिइनेछ । लेखा तथा प्रशासनिक व्यवस्थापन कार्यमा दक्षता रहेको र विकास तथा कार्यान्वयन सम्बन्धी कम्तीमा १ वर्ष काम गरेको अनुभव, अंग्रजी र नेपाली दुवैमा प्रतिवेदन लेख्न सक्ने, कम्प्यूटर संचालनमा दक्षता भयको र लेखा सम्बन्धि कुनै सफ्टवेयर संचालन गर्न सकिने । संचार , समन्वय र सहजीकरण गर्ने शीप भएको । उमेर १८ बर्ष पुरा भै ३५ बर्ष ननाघेको ।

ईच्छुक आवेदकले पासपोर्ट साइजको फाटो सहित आवेदन र व्यक्तिगत विवरण (CV) नेपाल रेडक्रस सोसाइटी, रुकुम (पश्चिम) जिल्ला शाखा खलंगा वा त्रिवेणी गाउपालिका स्थित परियोजना कार्यालयमा मिति २०७७ असोज ११, गतेसम्म पेश गर्न सक्नेछन् । संक्षिप्त सूचिमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियामा सामेल गराइनेछ । आफूले गर्नु पर्ने कार्यको विवरण तथा अन्य जानकारीका लागि परियोजना कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

संयोजक पदपुर्ति समिति

रेखदेखको ग्राहक बन्न

कार्यालय फोन:
९८४७८७६७१३
९८०९५९२६९८

बजार प्रतिनिधी
९८१०९२५१७९
९८६६१७११३८

रुकुम (पूर्व) :
९८६९९८३२२८
९८२४५२०१०९

'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरु त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

# पर्यटन क्षेत्रमा लगानीको खाँचो

रुकुम पूर्व-पश्चिम पर्यटकीय दृष्टीकोणले सम्भावनै सम्भावनाका जिल्ला हुन् । विशेषगरी रुकुम पूर्वमा ५२ पोखरी ५३ टाकुरी पूर्वी रुकुमका मगरवस्ती, आधा दर्जन भन्दा वढी हिमश्रृखला एक मात्र कमल फूल्ने कमलताल रुकुम पूर्वका पर्यटकीय दृष्टीकोणले महत्वपूर्ण मानिन्छ । यसका साथै रुकुम पश्चिमका धार्मिक तथा पर्यटकीय महत्व बोकेको डिग्रे शाहीकुमारी मन्दिर, कालिका मन्दिर , चौरजहारीको विजश्वरी मन्दिर, कमलताल, सितल पोखरी, साँखदह, रिणदह, मुसीकोट डाँडा, सुन्दर र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ ।

अझै रुकुम पूर्व पश्चिमका पहाडबाट कलकल बग्ने झरणाहरु, नेपालको एक मात्र उत्तरगंगाबाट वग्ने नदि र नेपालकै एक मात्र सिकार आरक्षणको करिव ६० प्रतिसत भुभाग रुकुममै पर्दछ । साचिकै रुपमा भन्ने हो भने रुकुम पर्यटकीय दृष्टीकोणले सुन्दर रमणिय नै छ ।

१२ वर्षे शसस्त्र द्वन्दको उद्गम थलो रुकुममा युद्ध पर्यटन र साहसीक पर्यटन, खेल पर्यटनको समेत उतिकै सम्भावना छ ।

युद्ध पर्यटनको लागि रुकुम, रोल्पा, म्यादी र वाग्लुङ जिल्लालाई समेटेर गुरिल्ला पदमार्ग समेत निर्माण गरिएको छ। तर प्रयाप्त भौतिक पुर्वाधार निर्माण हुन नसक्दा गुरिल्ला पदमार्गमा पर्यटन प्रवर्द्धन गर्न अप्ठेरो परेको छ । रुकुम जिल्लामा पर्यटन प्रवर्द्धन गर्नको लागि सरकारी र नीजि पहल नभएको होइन् । तर रुकुमको पर्यटन क्षेत्रले खासै उपलव्धी हासिल गर्न सकेको छैन् । बर्षेनी नीजि र सरकारी क्षेत्रबाट हुने लाखौ लगानीले रुकुमको पर्यटन प्रवर्द्धन गर्न सकेको छैन् ।

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरु कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३,९८५१२३६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

# चेतनाले नै बिबेकहीन बनाएको छ

**शदियौं देखि पीडित भएर, दलनमा परेर, बञ्चितीकरणमा परेकाहरुको अवस्था र उनीहरु प्रति हुने दुव्र्यबहार र हेपाहा प्रवृतीको पराकाष्ठा के होला ? सहर बजार को अवस्था यो छ भने दुर- गराज र दुर्गममा बस्ने कथित तल्लो जातीहरुको अवस्था के होला ? उनीहरुको आवाज कस्ले सुन्छ होला ?**

**आवाज बिहिनहरुको त्यो समानता, न्याय र उत्पीडन भित्र खोजिरहेको मुक्तिको आवाज स्वरकण्ठबाट कहिले बाहिर आउँछ होला ? त्यो पीडा भित्रको पुकारले कहिले साकार रुप पाउँछ होला ? यी र यस्तै सामाजिक बिभेदले कहिले हाम्रो समाजबाट जरो निकाल्छ होला....!!!!**



मोहन आचार्य

म सहर बजारमा बस्ने मान्छे । म बाहुन भएकै कारण कति पटक काठा, लोभी भनि मागेको छु । कति साथीहरुले र छरछिमेकले बाजे भनेर सम्नबोधन गर्छन । तर मलाई यस कुरामा कुनै दुखेसो छैन किनकी...तर पनि म त आखिर उपल्लो जातिकै परे । तर पनि पीडा हुन्छ हजुर के गर्ने ? सहर बजारमा बस्ने म जस्तो मानिसलाई यो पीडा छ भने शदियौं देखि पीडित भएर, दलनमा परेर, बञ्चितीकरणमा परेकाहरुको अवस्था र उनीहरु प्रति हुने दुव्र्यबहार र हेपाहा प्रवृतीको पराकाष्ठा के होला ? सहर बजारको अवस्था यो छ भने दुर-गराज र दुर्गममा बस्ने कथित तल्लो जातीहरुको अवस्था के होला ? उनीहरुको आवाज कस्ले सुन्छ होला ?

आवाज बिहिनहरुको त्यो समानता, न्याय र उत्पीडन भित्र खोजिरहेको मुक्तिको आवाज स्वर कण्ठबाट कहिले बाहिर आउँछ होला ? त्यो पीडा भित्रको पुकारले कहिले साकार रुप पाउँछ होला ? यी र यस्तै सामाजिक बिभेदले कहिले हाम्रो समाजवाट जरो निकाल्छ होला....!!!!

त्यो मानिस हुँ जसले जसले सामाजिक विभेद भन्दा पनि घरभित्रै अन्तर वैयक्तिक विभेद बढी देखें र भोगें पनि । म सानो छँदा देखि ८ कक्षा पढदा सम्म सम्झन्छु, मेरो परिवारमा कुखुराको मासु खान वर्जित थियो, हामी दिदि भाईहरुलाई कुखुरा खान मन लागे बाहिरै पकाएर खाने गर्दथ्यौं । त्यो वर्जित त्यतिबेला सम्म रह्यो जतिबेला मेरो दिदिको विवाह भएर भिनाजु हाम्रो घर आउनु भएन । भिनाजुको आगमन संगसंगै हाम्रो घरमा कुखुरा पनि भित्रियो किनकी भिनाजुलाई कुखुराको मासु मन पर्ने रहेछ । छोरा-छोरीलाई पो बाहिर पकाउ भन्न सजिलो ज्वाईलाई के भन्ने ?

सम्झन्छु, स्कूल पढ्दा हामी दाजु-भाईहरु त्यतै तिरबाट मामाघर वा साथीको घरमा गएर अबेर घर आउँदा पनि आमा रिसाउनु हुन्थ्यो । भोक लागेको होला जा भान्सामा गएर खाजा खा भन्नुहुन्थ्यो, तर दिदि स्कूल सकेर घर आउन केही ढिला भयो भने, आमा रिसाउनु हुन्थ्यो र भन्नु हुन्थ्यो, यही हो तेरो घर आउने समय ? खाजा राखिदेकोछु गएर घिच ।

मलाई आमा संग रिस उठ्थ्यो र भन्थे के भनेको दिदिलाई त्यस्तो बुढीमाऊँ ।

र आमा भन्नु हुन्थ्यो छोरी पाए पछि थाहा पाउँछस् ! अहिले मेरो एउटा छोरी छ, र म बुझ्दै छु, दिदि घर ढिलो आउनु भन्दा उहाँको सुरक्षा प्रति आमाको ध्यान बढि केन्द्रित थियो तर आमालाई थाहा रैनछ हाम्रो समाजमा छोराहरु पनि सुरक्षित छैनन । तर पनि हिजो-देखि आजसम्म छोरीहरु नै बढी असुरक्षित छन हाम्रो समाजमा । आमाले त्यति बेला दिदिलाई ढिलो घर आउने कुरामा र हामी दाजुभाईलाई मिठो-मसिनो खानेकुरा बिभेद गर्नुहुन्थ्यो, हामी भन्थ्यौं दिदिलाई किन धेरै, आमाले भन्नुहुन्थ्यो तिमीहरु भन्दा दिदिले धेरै नै खानु पर्छ उसलाई तिमीहरु भन्दा बढी पोषणको आवस्यकता पर्छ, उसले धेरै नै खानुपर्छ । बुवा-आमाले हामीलाई कहिल्यै केही कुराको कमी हुन दिनु भएन, भनेको खोजेको पर्याउनु नै भयो । आफ्नो खुट्टामा नउभिँदा सम्म मन परेको लाउन, खान, घुम्न, पढन पर्याउनु नै भयो, हाम्रो समाजमा हामी अलि-बढि स्वतन्त्र नै थियौं । घरायसी काम पनि बराबर गर्नुपर्छ भन्नुहुन्थ्यो, हामीलाई सबैकाम गर्न लगाउनु हुन्थ्यो तर कपडा ठूलो हुँदासम्म कहिले धोएन, मेरो बाल मस्तिष्कमा कपडा छोरा मान्छेले धुनुहुँदैन भन्ने थियो, किनकि मैले बुवालाई कहिल्यै कपडा धोएको देखिन आजसम्म पनि स्मरणमा छैन ।

छोरा-छोरीले हामीले के भन्छौं के सिकाउँछौं त्यो सिक्लान-नसिक्लान तर हामी जे गर्छौं त्यसलाई शत प्रतिशत सिक्छन् । तपाई राम्रो हुनुस तपाइका छोराछोरी आफै राम्रा हुन्छन । तपाई मिठो बोल्नुस उनीहरु मोठो बोल्छन, तपाई आदर गर्नुस उनीहरु आदर गर्छन, तपाई पढ्नुस उनीहरु पढ्छन ।

तपाइको छोरा-छोरीको लागि तपाई भन्दा ठूलो हिरो अरु कोही छैन, तपाई उनीहरुको रोल मोडेल हो । आफ्नो आचरण र व्यवहार तपाइले छोरा-छोरीमा ट्रान्सफर गर्ने हो ।

बिद्यालयमा पढेका र सिकेका कुराहरु आमा-बुवाबाट सिकाइएका र सिकेका ज्ञानहरु भन्दा जीवन प्रयन्त गौण हुन्छन । हामीले कतिपय कुराहरु समाजले के भन्छ भनेर पनि आफ्ना नानी बाबुहरुलाई गलत सिकाईरहेका हुन्छौं, सिकाईरहेका पनि छौं जसले गर्दा सम्वृद्ध, सभ्य र समतामुलक समाज निर्माणको सम्भावना देखिन मैले मेरो नजरबाट हेर्दा ।

समाजले जहिले शक्ती प्रदर्शन गर्न खोज्छ, यसले तपाई केही गर्नुस तब पनि भन्छ, नगर्नुस तब पनि भन्छ, केही नयाँ गर्नुस अनि त के के भन्छ भन्छ । समाजले जहिले तपाईको नाडि छाम्ने कोशिस गर्छ, तपाई जति दबेर बस्नुहुन्छ त्यति दवाउनमा तल्लीन रहन्छ ।

हामी धेरैको मानवीय गुण के छ भने आफ्नो बुद्धि बिबेकको प्रयोग भन्दा पनि भिडको पछि लाग्छौं, मेरो मान्यता के हो भने कुनै पनि सवालमा भीड सही हुँदैन र भिडको कुनै निश्चित उद्धेश्य पनि हुँदैन, भिड जहिले शून्य मस्तिषकमा हुन्छ, कसैको इशारामा नाँच्छ, भिडमा जसले जे बोल्छ त्यही गर्छ भिड, कृपया भिडबाट जहिले टाढा रहनुस । समाजका कथित बुद्धिजीवी, ठूलाबडा र भद्रभलादमीहरुले आफ्नो वर्चश्व कायम गर्न भिडको सिर्जना गर्छन, उनको शक्ति सामर्थ्य, पुरुषार्थ र दवदवा देखाउन मै उनीहरुलाई आनन्द आउँछ, ज्ञान, बिज्ञान, न्याय, मानवता, स्वतन्त्रता संग उनीहरुलाई कुनै मतलव हुँदैन । भनिन्छ शुरुवात आफैबाट गर्नुपर्छ, जति सुकै लामो र कठीन यात्रा किन नहोस शुरवात त पहिलो पाइलाबाटै हुन्छ ।

तपाई जबसम्म बदलिनु हुन्न समाजलाई दोष पनि नदिनुस समाज तपाई हामी मिलेर त बनेको हो । हाम्रो दिमागमा बर्षौ भरिएर रहेको असामजिक तुष मिल्क्यायौं भने समाज बन्ने निश्चित छस गाह्रो पनि होला मिल्काउन किनकि यो स्याल हो जसले बाघको खोल ओढेर बसेको छ र हामीलाई दिग्भ्रमित बनाईराखेको छ ।

किनकी हामी शक्तिका पुजारी हौं, हामीलाई कमजोर देखिनु छैन । चेतनशील नै किन नहोस् आखिर जनावर त हौं नि हामी, त्यही चेतनाले थप हिंस्रक, बिबेकहीन र क्रुर बनाएको छ हामीलाई ।

तर पनि हरेक कुरा सम्भव छ, परिवर्तनको लागि आँट, साहस र धैर्यता चाहिन्छ । निरन्तरता, लगाव र दृढ विश्वास चाहिन्छ, हामीले चाहेको परिवर्तन हामीले गर्न सक्छौं । परिवर्तनका हतियारहरु हाम्रै वरिपरि छन्, बस चिन्न सक्नु पर्यो, र ती हतियारहरुको प्रयोग सहि समय र स्थान बिशेषमा हुनुपर्यो । समाज बदल्ने ठेक्का तपाई हामीले लिएका छैनौं, होला सामाजिक उत्तरदायित्वका कुराहरु जुन हामीले निभाउनै पर्छ तर यो तपाईको जिम्मेवारी र कर्तव्य र नैतिकता पनि हो कि सामाजिक बेतिथी र बिभेद, कु-रिती-कुसंस्कार, विरुद्ध तपाई बदलिनुस, तपाइको परिवारको सोंचाई र व्यवहार बदलिने छ जसले तपाईको भावी सन्ततीलाई समाज भित्रको असामाजिक तत्वले असर नगरोस । भन्नेले त के के भन्छन भन्छन कुरा नसुनेकै र म्रो, बस मनमा एउटा अडान लिन जरुरी छ धर्ती फाटोस् कि आकाश म गलत हुने छैन र हुन दिने पनि छैन ।

कुखुराको मासु वर्जित मेरो घरमा अहिले सबै किसिमका सामाजिक, बैयक्तिक बिभेदहरु वर्जित छन, हामी पूर्ण स्वतन्त्र छौं कुनै पनि किसिमको खानेकुरा खान अब हाम्रो लागि निशेधित क्षेत्र तोकिएको छैन ।

परिवर्तनको संवाहक हामी आफै हौं आफूलाई चिन्नोस । यहाँ परिवर्तनको लागि कुनै जादु वा चमत्कार हुने वाला छैन, हाम्रो समाज बदल्ने जिम्मेवारी हाम्रो हो, यो हाम्रै काँधमा छ बोक्ने शाहस हामीले नै गर्नु पर्छ तर याद गर्नुस समाजको चिन्ता गर्दा आफ्नो घर नजलोस, तपाइको बैयक्तिक र पारिवारिक कर्तव्य र जिम्मेवारी तपाईको लागि समाज भन्दा ठूलो हो, सके समाजलाई योगदान दिने हो नसके पनि समाज हामी भन्दा बाहिर छैन।

हरेक घर उदाहरणीय बने समाज आफै उदाहरणीय बन्छ, जंगलमा आगो लगाउन सिर्फ एउटा सलाईको काँटी काफि छ र हाम्रो परिवार त्यही सलाईको काँटी बनोस र तहस नहस पारोस हामी भित्र गुम्सिएर, लुकेर बसेका जंगली प्रवृतीहरु । बस! यत्ति आत्म विश्वासको जरुरी छस हामी भित्र असिमित उर्जा छ र हामी परि वर्तन गर्ने छौं हाम्रो समाज।

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७७ असोज ५ सोमबार । Monday,21 September 2020
हामी जे देख्छौं, त्यही लेख्छौं
समाचार 3
www.rekhadekh.com

# विरामी बोका बोकेर अस्पताल....



रुकुम पश्चिमको मुसीकोट नगरपालिका वडा नं. १० चौखावाङ होलताराका स्थानीयले विरामी बोकालाई बोकेर उपचार गर्न झुलखेततर्फ लैजाँदै । बोका हिड्न नसकेपछि उनीहरुले बाँसको स्टेचर बनाएर बोकेका हुन् । रेखदेख

# जिम्मेवार निकाय मौन...

जिल्ला अस्पतालमा जटिल प्रकारको प्रसूति सेवासहित हाइड्रोसिल, हर्नियालगायतको शल्यक्रिया हुन्थ्यो । विशेषज्ञ चिकित्सक र एनेस्थेसिया सहायकको दरबन्दी पूर्ति नहुँदा बैशाख अन्तिम साताबाट शल्यक्रिया सेवा बन्द भएको जिल्ला अस्पताल रुकुम पश्चिमले जानकारी दिएको छ ।
यसअघि कार्यरत विशेषज्ञ चिकित्सक सरुवा भएर गएपछि उनको ठाउँमा कोही विशेषज्ञ अझै आएका छैनन् । बिशेषज्ञ डाक्टर नहुँदा यसअघि पनि बेला -बेलामा शल्यक्रिया सेवा बन्द हुने गरेको थियो ।
मुसीकोट नगरपालिका-१ का शान्ति नेपालीले भनिन, 'कोरोना कहरमा सेवा-सुविधा थपिनुपर्नेमा घट्दा विपन्न बिरामी मर्कामा परेको उनको भनाइ छ ।'
उनले कोरोनाका कारण गरिएको लकडाउन र निषेधाज्ञाका कारण सार्वजनिक सवारी नचल्दा बिरामीले थप दुःख पाइरहेको बताईन् । जिल्लामा बिशेषज्ञ सेवा नहुँदा महुँगोमा गाडि रिर्जव गरी जिल्ला बाहिरका बिरामी लैजानु पर्ने बाध्यता रहेको सानीभेरी गाउँपालिका ३ का अर्जुन विकले बताए । विभिन्न निकायले सञ्चालन गरेका एम्बुलेन्स भरपर्दो नभएको कारण जिल्ला बाहिर विरामी लैजान उस्तै समस्या रहेको उनले बताए । विशेषज्ञ अभावमा विभिन्न रोगको उपचारमा पनि समस्या भएको जिल्ला अस्पताल रुकुम पश्चिमका निमित्त स्वास्थ्य व्यवस्थापक डा.महेश चौलागाईले बताए ।
उनले भने, बिशेषज्ञ चिकित्सक नहुँदा ३ महिनादेखि भरपर्दो उपचार सेवा प्रवाह गर्न नसकिएको डा. चौलागाईले बताए । कतिपय अवस्थामा जनशक्ति नपाइने र पाइए पनि बजेटको अभाव हुने कारणले सेवा प्रवाहमा समस्या भएको जिल्ला अस्पताल रुकुम पश्चिमले जनाएको छ ।
'विशेषज्ञ चिकित्सकलगायत स्वास्थ्यकर्मीको पदपूर्तिका लागि भर्खरै विज्ञापन गरिएको छ, पदपुर्ति भएमा चाँडै अप्रेशन सेवा सुरु गरिने जनाएको छ ।

# गोविन्द केसीसँग वार्ता गरेर समस्याको समाधान गर्न आग्रह

■ रेखदेख संवाददाता
मुसीकोट

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले चिकित्सा शिक्षा क्षेत्रमा सुधारका लागि अनशनरत डा. गोविन्द केसीसँग वार्ता गरेर समस्याको समाधान खोज्न सरकारसँग आग्रह गरेको छ।
विगत देखिनै सत्याग्रहमा सरिक अभियन्ता डा गोविन्द केसीको जुम्लामा जारी पछिल्लो अनशन एक साता पुग्न लाग्दा पनि सरकारले संवादको कुनै पहल नगरेको बिषयलाई गम्भीरतापूर्वक लिएको नेपाली कांग्रेसले जनाएको छ ।
१० साउन ०७५ मा प्रधानमन्त्री स्वयंको अग्रसरतामा डा. केसीसंग सरकारले गरेको सम्झौता त्यही बर्षको माघ महिनामा सरकारले उल्लंघन गरेको नजिर नदोहोर्‍याएर 'इमानदार वार्ता र सार्थक कार्यान्वयन' का लागि नेपाली कांग्रेसले सरकारलाई अनुरोध गरेको छ ।
मुलुकमा शान्ति स्थापना, संविधान निर्माण र तीन तहको निर्वाचन पश्चात् समृद्धिको यात्राका लागि तुलनात्मक रुपले सहज वातावरण निर्मित भएको छ ।
मुलुक संघीयतामा गएको छ र कर्णालीमा प्रदेश सरकार पनि अलग अस्तित्वमा छ। यस्तो बेलामा कर्णालीको विकास र समग्र समृद्धिका लागि घनिभुत ढंगले आवाज उठ्नु स्वभाविक र जरुरी छ। कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
कर्णाली स्वास्थ बिज्ञान प्रतिष्ठान देखि राप्ती स्वास्थ बिज्ञान प्रतिष्ठान सम्मको माग अघि सारेर अनशनरत डा. केसीसँग संवाद गरेर उनको जीवनलाई जोखिमबाट जोगाउँदै जायज मागहरू पूरा गर्ने दिशामा तत्काल प्रक्रिया आरम्भ गर्न नेपाली कांग्रेस संघीय सरकार र कर्णालीको प्रदेश सरकार दुवैलाई सार्वजनिक रुपमा आग्रह गरेको छ ।

**नोवेल कोरोना भाइरस (COVID-१९) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सर्तक हुनु नै उत्तम उपाय हो ।**

## यसबाट बच्ने उपाय

- कुनैपनि व्यक्ति, बस्तु वा समान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने ।
- अनावश्यकरुपमा घरबाहिर र भिडभाडमा नजाने ।
- खोक्दा र हाछयुँ गर्दा नाक र मुखकुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग दुई मिटरको दुरी कायम राख्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षिसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रबाह गरेको तथा अत्यावश्यकीय बस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा १३३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम पश्चिम कर्णाली प्रदेश नेपाल**

**नोवेल कोरोना भाइरस (COVID-१९) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सर्तक हुनु नै उत्तम उपाय हो ।**

## यसबाट बच्ने उपाय

- कुनैपनि व्यक्ति, बस्तु वा समान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने ।
- अनावश्यकरुपमा घरबाहिर र भिडभाडमा नजाने ।
- खोक्दा र हाछयुँ गर्दा नाक र मुखकुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग दुई मिटरको दुरी कायम राख्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षिसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रबाह गरेको तथा अत्यावश्यकीय बस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा १३३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**मुसीकोट नगरपालिकाको कार्यालय रुकुम पश्चिम कर्णाली प्रदेश नेपाल**

# रेखदेख साप्ताहिक राशिफल

५-११ असोज २०७७
21-27 September 2020

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**

**मेष :** प्रेम र मित्रतामा बृद्धि रहनेछ । नयाँ सामान प्रयोग हुनेछ । आम्दानी ठिकै रहनेछ । दाम्पत्य जीवन सुखद हुनेछ । नबिन ज्ञान सिक्ने समय रहेको छ । धैर्यता बाट कार्यमा सफलता रहनेछ । मनोरन्जन मय समय रहेको देखिन्छ । साथीहरु तथा आफन्त सग भेटघाट बढनेछ । घराँयसि सामाग्री जोडने योग छ ।

चु, चे, चो, ला, लि, लु, ले, लो, अ

**वृष :** प्रयास बाट कार्यमा सफलता रहनेछ । भौतिक साधन प्रयोग गर्ने समय छ । आफनो अधिकार जमाउन गाँहो हुनेछ । यात्रा युक्त समय रहनेछ । जिद्धि पनले समस्या रहनेछ । सोच बिचार गरि अगाडि बढनु होला । मेहनतले कार्यमा सफलता रहनेछ । बिगतमा रोकिएका कामहरु बन्ने समय देखिन्छ ।

इ, उ, ए, ओ, वा, वि, वु, वे, वो

**मिथुन :** समय लाई चिनेर अगाडि बढनु होला । प्रयोग गर्ने भौतिक साधनले धोका दिने छ । समय संघर्षशील रहनेछ । अग्रजको साथ सहयोग र आफनो बुद्धिको प्रयोग गरि अगाडि बढनु होला । प्रतिस्पर्धा बाट सफलता रहने छ । नयाँ कामलाई अगाडि बढाउनु भन्दा पहिले सोच बिचार गरेर अगाडि बढनु होला ।

का, कि, कु, घ, ङ, छ, के, को, ह

**कर्कट :** अरुको काममा बढि दौडधुप गर्नुपर्ने देखिन्छ । कार्यमा जटिलता रहनेछ ।अनाबश्यक नबोल्नु होला । आफन्तजनले धोका दिनेछन । पशुपालन,जमिन बाट लाभ रहनेछ । समयले प्रतिकुल बनाउने देखिन्छ । घरपरिवारको सहयोग लिनु राम्रो हुनेछ । आफनो योजना गोप्य राखेर अगाडि बढनु

हि, हु, हे, हो, डा, डि, डु, डे, डो

**सिंह :** बिभिन्न उपहार प्राप्त रहने समय देखिन्छ । आफन्तको साथ र सहयोग रहनेछ । उधोग व्यावसायमा फाईदा रहनेछ । रोकिएका कामहरु बन्नेछ । नयाँ कामहरु शुरु गर्ने समय छ । प्रतिस्पर्धामा सफलता रहनेछ । परिश्रमको फल प्राप्त रहनेछ । नविन कार्यमा लगानी लगाउने समय देखिन्छ ।

मा, मि, मु, मे, मो, टा, टि, टु, टे

**कन्या :** आर्थिक क्षेत्रमा सोचे अनुसार फाईदा हुनेछैन । अनाबश्यक बिवादमा पर्न सकिन्छ । बोल्दा बिचार गरि अगाडि बढनु होला । प्रयास बाट व्यावसायमा सफलता रहनेछ । कार्यमा ढिलाई हुनेछ । सोच बिचार गरि अगाडि बढनु होला । तपाईको काम व्यवहारमा टिप्पनि हुने समय रहेको देखिन्छ ।

टो, प, पि, पु, ष, ण, ठ, पे, पो

**तुला :** पारिवारीक भेटघाट बढनेछ । अग्रज व्यक्ति सँग भेटने समय आउनेछ । प्रतिष्ठामय कार्यले आत्मा बिश्वास जोस जाँगर बढाउनेछ । शैक्षिक क्षेत्रमा प्रगति नै रहला । स्वादिष्ट भोजनको योग रहनेछ । कार्यमा सजक भएर अगाडि बढनु होला । रचनात्मक कार्यमा अगाडि बढने समय रहेको देखिन्छ ।

र, रि, रु, रे, रो, ता, ति, तु, त

**वृश्चिक :** आर्थिक खर्चमा बृद्धि रहनेछ । आशा देखाउने बाट धोका हुनेछ । अरुको सल्लाह सुझाव सल्लाह नमान्दा समस्या रहनेछ । परिवार जन बाट टाढा रहनु पर्ला । आफनै कमजोरीले विवादमा परिनेछ । आर्थिक खर्च गरेर त्यति फाईदा हुनेछैन । अरुको सल्लाह सुझावलाई नमान्दा समस्या आउने छ ।

तो, ना, नि, नु, ने, नो, या, यि, यु

**धनु :** आयआर्जनमा वृद्धि रहनेछ । ल्याउनु पर्ने रकम प्राप्त रहनेछ । समय उत्साहमय रहनेछ । पैतिक सम्पत्ति बाट लाभ रहनेछ । नबिन ज्ञान प्राप्त रहनेछ । कृषि पशपालनमा सोचे अनुसार फाईदा र हनेछ । परिश्रमको उचित फल प्राप्त रहनेछ । तपाईको कार्यको प्रतिफल अबश्य मिल्ने समय छ ।

ये, यो, भ, भि, भु, ध, फा, ढ, भे

**मकर :** बिशिष्ट व्यक्ति सँग भेटघाट हुनेछ । अरुको मन जितेर काम बनाउन सकिनेछ । आफनो कार्यमा सफलता प्राप्त गर्न सकिनेछ । भूमि,वाहन र पैतिक सम्पत्ति बाट फाईदा रहनेछ । व्यावसायमा ठिकै रहला । प्रतिष्ठामय काम हुनेछ । बिगतमा बाँकि रहेका कामहरु बनाउने समय देखिन्छ ।

भो, ज, जि, खि, खु, खे, खो, गा, गि

**कुम्भ :** अरुको कार्यमा बढि समय बित्ने देखिन्छ । समयमा काम पुरा नहुनाले मनमा चिन्ता बढनेछ । सामान्य कार्यमा महत्व पूर्ण समय बित्नेछ । सहयोगिले धोका दिने समय रहेको छ । व्यावसायिक कार्यमा खर्चमा बृद्धि रहनेछ । स साना कार्यमा बढि समय दिनु पर्नेछ । परिश्रम बाट लाभ रहनेछ ।

गु, गे, गो, सा, सि, सु, से, सो, द

**मीन :** कामको चिन्ताले सताउनेछ । थोरै फाईदामा चित्त बझाउनु पर्ला । नबिन काम आज शुरु नगर्दा राम्रो हुनेछ । गरि रहेको काम बाट फाईदा रहनेछ । अरुको भरमा पर्नाले धोका पाइनेछ । परिश्रम बढि फल थोरै रहने समय छ । सहयोगिहरुको राम्रो साथ र सहयोग मिल्नेछ । नसोचे काम बन्ने समय छ ।

दि, दु, थ, झ, ञ, दे, दो, च, चि

## नेपालको संविधानमा सीमान्तीकृत समुदायको अधिकार

नेपालको संविधानमा सीमान्तीकृत समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

• राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदायलाई सीमान्तीकृत समुदायको रुपमा परिभाषा गरिएको ।

• आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

• सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका सीमान्तीकृत समुदाय लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।

• सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत समुदाय समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।

• उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।

• सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

• समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।

• सीमान्तीकृत समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।

• नेपाली राजदूत र विशेष प्रतिनिधि समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

• संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

आठबिसकोट नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम ) कर्णाली प्रदेश
नेपाल

## नेपालको संविधानमा अपांगता भएका व्यक्तिको अधिकार

नेपालको संविधानमा अपांगता भएका व्यक्तिको हक अधिकार देहाय बमोजिम रहेको छ ।

• सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।

• आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

• सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति हुने ।

• सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने ।

• सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, अपांगता भएका व्यक्ति, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।

• अपांगता भएका र आर्थिक ।पले विपन्न नागरिकलाई कानूनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने ।

• दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने ।

• सामाजिक रुपले पछाडि परेका अपांगता भएका व्यक्तिसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।

• अपांगताभएका नागरिकलाइ विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने ।

• आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपांगता भएका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने ।

• राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक निर्वाचित हुने सुनिश्चित गरिएको ।

• अपांगता भएका व्यक्ति समेतको हक अधिकारको संरक्षण, सशक्तिकरण, विकास र सम्वृद्धिको लागि संवैधानिक आयोगको रुपमा राष्टि।य समावेशी आयोगको व्यवस्था गरिएको ।

• नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

• संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानुन, न्यायनेपाल सरकार
कानुन, न्याय तथा संसदीय
मामिला मन्त्रालय

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

# मिरिओ दर्शन

'त्यो सिरिओ ता हुँइत्ति भयाउ रिमोटबाट मरिकाट्या नचल्न्या ।
धेरै टाराट मार्तै चल्न्या पो ह्रच । के अच्चम्मौ मर्नु ।
मलाई ता लाजौमर्नु भो र डोगो बर्‍यो हुइँ छारिफाल्ल्याइकिन
घरपाइ आयाउ व्हाँपछि कैलै गइनँ अड्डापाई ।'



उइलैफुर्नौं कुरो हो हेर्नोइ । पाल्नाघर डल्ल्याले गाउँनु कालापारबाट रिरियो ल्याउथ्यो । हेर्नापत्त मुलुक खनिन्त्यो सितिमिति दर्शन गर्न पाइयो र ? रिरिओ हेर्नापत्त कोइले केराउ घरी लग्दिन्त्या । कोइले बेलाइँतीको ढक्क्या लग्दिन्त्या । कोइले सुन्तलाउ डोगो । रिरिओ च्याउन पनि पाइन्त्यो । रिरि ओभिर्ता मान्छ बोल्याऊ पनि सुनिन्त्यो । तेति स्याना भाँरामा मान्छ काँमाट पस्दान् र बोल्दान् भनिकिन मले अइलसम्म पनि मरिजाऊँ थापाऊ भया । पछि ता गाउँमा भिरिओ पनि आयो । जात्तेरि माट्टोक्नेइनि भिरियोमा ता स्यानस्याना मान्छ छर्लङ्गै देख्खिने । बोल्न्या पनि गाउन्या, पनि नाच्न्या पनि । ह्वाँपछि टिप्पि पनि आयो हेर्नोइ । टिप्पिमा ता राजदानीमा बोल्न्या राजा, मन्तरी पनि देखिन्त्या गरे । उत्ता बोल्याऊ कस्तोरी ह्याँसम्म आयाउ हो ? कस्तोरी देख्ख्याऊ हो ? मेरो दिमाकले सोच्न सम्जनै छार्‍ल्यो ।

हमछि जेठिओहरु गाउँमा आया । जेठिओहरु ता सब्जी हेर्न गौंबाली, धानबाली, तिउन बालीको कीराकाट्टिऊँ च्याउन आहुन भन्त्या गरै । त्यो हेर्‍याउ ता उति अख्ख्यान पाइनँ, गाउँघरा कान्छीबाली भने खुप्पै हेर्त्या । हमछि बाल्लेऊ ओख्तोमुलो पनि गर्त्या । उइलैफुर्न हाम्रा जनार्जन पनि जेठिओ थ्या गरे । बलै नभयाउ बिङ्ग छाँट्नुहुन्न, पाप लाग्च । तिन्लेचाइँ कान्छीबालीपाइ च्यायाऊ था पाइएन होइ । ह्वाँपछि । रिरिओले सिरिओ आयाउ जनाउ दियापछि म ता सिरिओ हेर्न कैबल जाँदाउँ भनिकिन तल्बल्ल्याँ हेर्नोइ । उइछारी सस्तोमा पाइयापछि एउटा सिरियो घरमा पनि ल्याल्नुपर्ला भनिकिन गोजामा एकसय हाल्याँ र डोगो बर्‍यो पनि बोक्केल्याँ हेर्नोइ । हमछि डुग्रिँदै डुग्रिँदै अयापाइ फस्क्याँ । यले ता बिङ्ङा छाँट्नलाइयो भन्ने मान्नुभयाउ होला । सिरिओ कस्तो हुन्च भन्ने पइला थापायाउभया चट्कपट्क गैजाऊँ केइ थापाइन । सिरिओ पनि भिरिओ जस्तै ता होला भन्ने मान्याऊ थ्याँ मले ता । बिजुल्ल्यौ ताराट चल्दो । बान्नामा सजाउँदान् । बन्द गर्न खोल्न अर्को मान्छौ हात चाइँदो भन्ने मान्याउँथ्या । सिरिओ ता सित्ति अच्चम्मौ मर्नु हुनेह्रइन्च । गद्दा भयाउ कुर्सीमा थपक्क बस्न्या । गारीमा चल्न्या । वरिपरि गाटले घेर्न्या । त्याँट गीत नआउन्या समाचार मार्तै आउन्या । तारबाट नचल्न्याँ बरु तारबार भिर्तबाट चल्न्या । टेप्पलमा

### कच्र्याप्प

नबस्न्या टेप्पलका मन्नेट बस्न्याँ । खोल्न्या र बन्द गर्न्या गाटले मार्तै सक्न्या ।

टिप्पि भिरियोको रिमोट ता हुइँत्ति हुन्त्यो । त्यो सिरिओ ता हुँइत्ति भयाउ रिमोटबाट मरिकाट्या नचल्न्या । धेरै टाराट मार्तै चल्न्या पो ह्रच । के अच्चम्मौ मर्नु । मलाई ता लाजौमर्नु भो र डोगो बर्‍यो हुइँ छारिफाल्ल्याइकिन घर पाइ आयाउ व्हाँपछि कैलै गइनँ अड्डापाई । सिरिओभन्दा झनै विकास्या मिरिओ आयाउछ भन्चन् अइजल ता । मिरिओ कस्तो हुन्च थापाउछैन भन्नुहुन्च । कैलै देख्याउभया पो । पालमा ता उइलैफुर्नु घरबार सक्क्याहरुलाई मार्तै ह्राग्त्या गरै । मिरियोलाई ता नरक पालमा पो ह्राग्याछन् गरे । अइजेइ बाबै नि । के जुग आया क्या । त्यो मिरिओ के ताराट चल्दो ? कति टाराउ रिम्मटमाट चल्दो ? काँनु बस्दो ? कोले खोल्दो ? कोले बन्द गर्दो ? म त अच्चम्मले मर्न लाइयाँ बाल । त्यो हर्न कति रुप्प्याउ टिक्कट चाइँदो क्या ? कोइले भन्दिन्नौ लाई ।

नेपाल सरकार
भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
मालपोत कार्यालय रुकुम (पश्चिम)

## हकदारका नाममा जारी गरिएको ३५ दिने सार्वजनिक सुचना

साबिक रुकुम जिल्ला छिबाङ गा.बि.स. वडा नं.-३ हाल रुकुम (पश्चिम) जिल्ला मुसिकोट नगरपालिका वडा नं.-१३ बस्ने नैने ओलीकी छोरी खुसल खड्काको श्रीमती कौशिला ओली खड्काले मेरो बुवा नैने ओलीको मिति २०४४।०१।१५ मा मृत्यु भएको, आमा नैना ओली बुबाको मृत्यु पश्चात मिति २०४५ साल तिर हालको मुसिकोट नगरपालिका वडा नं.१० मा दोस्रो विवाह गरेर गएको आमा बुवा बाट जायजन्म भएका सन्तानहरुमा जेठो सन्तान छोरी म कौशिला ओली खड्का र दोस्रो सन्तान छोरा डिल्लीबहादुर ओली गरी दुई भाई बहिनी मात्र भएको र मृतक नैने ओलीको एक मात्र छोरा मेरो सहदर भाई डिल्लीबहादुर ओलीको मिति २०५४।०५।१० मा नावालमै अबिबाहित अवस्थामा मृत्यु भएको हुँदा मृतकको सवै भन्दा नजिकको हकदार एकमात्र दिदि म कौशिला ओली खड्का भएकोले मृतक भाई डिल्लीबहादुर ओलीका नाममा नापनक्सा भएका साबिक छिबाङ गा.बि.स.वडा नं.-३ का कि.नं.७२२,७२३ क्षेत्रफलहरु क्र.म.स.०२५२०,०१८५० ब.मी.का जग्गाहरु मेरो नाममा नामसारी गरी पाँउ भनि यस कार्यालयमा निवेदन दिनु भएकोले मृतक डिल्लीबहादुर ओलीको अबिबाहित अबस्थामा नाबालकैमा मृत्यु भएको हो, होईन ? निजको सबै भन्दा नजिकको हकदारहरु को-को छन ? निजको सवैभन्दा नजिकको हकदार बुवाको मृत्यु भई सकेको र आमाले दोस्रो बिबाह गरी गई सकेको हुदा अव सवै भन्दा नजिकको हकदार एकमात्र दिदि कौशिला ओली खड्का हुन कि होईन्न् ? मृतकका नाममा नापनक्सा भएका साबिक छिबाङ गा.बि.स.वडा नं.-३ का कि.नं.७२२ र ७२३ का जग्गाहरु दिदि कौशिला ओली खड्काका नाममा नामसारी गरिदिदा कुनै परक पर्छ कि पर्दैन ? यदी निवेदिकाका नाममा जग्गा नामसारी हुन नपर्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण हकदावी गर्न आउन हुन सम्बन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । समय भित्र दावी विरोध पर्न नआए कानून बमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ ।

**गोर्ख बहादुर खड्का (कार्यालय प्रमुख)**

**रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम**
**फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com**
**Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम**